# संघीय संसद
# राष्ट्रिय सभा
# राष्ट्रिय सरोकार तथा समन्वय समिति

बैठक संख्याः १२८

मिति २०७९/०५/२७

समयः दिनको ११: ०० बजे

प्रारम्भ: दिनको ११: १० बजे

अन्त्य: दिनको ३: ०० बजे

**<u>छलफल तथा निर्णय</u>** :-

राष्ट्रिय सरोकार तथा समन्वय समितिको आज मिति २०७९/०५/२७ गते बसेको बैठकमा प्रतिनिधि सभा र प्रदेश सभामा महिला प्रतिनिधित्वको समानुपातिक सुनिश्चितता, प्रतिनिधि सभा र प्रदेश सभामा समावेशी प्रतिनिधित्वको समानुपातिक सुनिश्चितता, निर्वाचनको मितव्ययिता, आचारसंहिताको कार्यान्वयन र निर्वाचन पर्यवेक्षण, निर्वाचनको तयारीका सम्वन्धमा कानून, श्रोत साधन, सुरक्षाको व्यवस्थापन, र मतदाता शिक्षाको सम्बन्धमा माननीय प्रमुख निर्वाचन आयुक्त, माननीय निर्वाचन आयुक्त, निर्वाचन आयोगका सचिव, गृह मन्त्रालयका सचिव, संसदमा प्रतिनिधित्व गर्ने नेकपा एमाले, नेपाली कांग्रेस, नेकपा -माओवादी केन्द्र_, नेकपा -एस_, जसपा नेपाल, लोसपा नेपालका केन्द्रीय प्रतिनिधि, लैङ्गीक न्यायको लागी संघीय सांसद समुहसंगको छलफल पश्चात देहाय बमोजिम निर्णय भयो।

-१_ प्रतिनिधि सभा र प्रदेश सभाको मिति 2079 मंसीर ४ गते हुने निर्वाचनमा प्रत्येक दलले प्रत्यक्षतर्फ उम्मेदवारी दिँदा त्यसको एक तिहाईमा नघट्ने गरि महिला उम्मेदवारको प्रतिनिधित्वको सुनिश्चितता गर्ने र त्यसपछिका निर्वाचनमा दिगो विकास लक्ष्य समेतलाई ध्यानमा राखेर सन् 2030 सम्म 40 प्रतिशत महिला

सांसदहरुको प्रतिनिधित्व पुर्याउने सरकारको नीति अनुसार नेपालको संविधानको धारा 38(४), धारा ४२ र धारा ४७ कार्यान्वयन गर्ने निर्वाचन आयोगलाई निर्देशन दिने ।

-२_ निर्वाचन आचारसंहितालाई कडाईका साथ पालना गराउन, मतदानको मिति भन्दा 15 दिन अगाडिको प्रचार प्रसार अवधिमा मदिरा बिक्रि वितरण र सेवन गर्न निषेध गर्न निर्वाचन आयोग, नेपाल र नेपाल सरकार, गृह मन्त्रालयलाई निर्देशन दिने ।

-३_ आगामी मिति 2079 मंसीर ४ गते हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणाली अनुसारको निर्वाचनमा भाग लिने राजनीतिक दलले आफ्नो दलको तर्फबाट प्रतिनिधित्व गर्ने उमेदवारको बन्दसूची निर्वाचन आयोगमा पेश गर्नुभन्दा अघिल्लो दिन मिति २०७४ सालको प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा भाग लिने राजनीतिक दलको तर्फबाट पेश भएको समानुपातिक उमेदवारको बन्दसूची स्वतः खारेज हुने व्यवस्था गर्न निर्वाचन आयोगलाई निर्देशन दिने।

-४_समितिको अर्को बैठक पुनः सूचना भएपश्चात बस्ने गरि आजको बैठक अन्त्य भयो।